नागरिक लगानी कोष

कोषको वित्तीय अवस्था (अपरिष्कृत)
२०८३ असार मसान्तसम्म

कोषको स्रोत (Sources of Fund)

रु. हजारमा

विवरण	२०८२।८३ असार मसान्त	२०८१।८२ असार मसान्त
शेयर पुँजी	६,८०५,७९८	६,४८१,७१२
खुद कोष मौज्दात	३३६,८६१,८४७	२९१,८४०,८८७
कुल अवकाश कोष मौज्दात	३१९,२७०,७६६	२६६,६४३,०१२
क.ब.वृ. अवकाश कोष	२३२,३३१,४३८	१९२,९५७,२०७
नागरिक एकाङ्क योजना	२,१४०,३१५	१,९३४,२००
उपदान कोष योजना	६७,२६१,२९८	५१,८४५,८०३
लगानीकर्ता हिसाब	११,७५०,७७८	१०,९७५,८७७
राष्ट्रसेवक कर्मचारीको बीमा कोष	४,९४९,७८५	८,३८५,८४५
नार्क बीमा कोष	१६४,४१०	१५९,५४८
नागरिक पेन्सन योजना	६७२,७४२	३८४,५३१
बीमाकोष दायित्व	४,८७४,७५१	५,०८०,५५९
जगेडा कोष	१२,७१६,३३१	२०,११७,३१६
केन्द्रीय हिसाब	३,५७०,७७७	४,१६३,४०७
अन्य कोष र योजना	९,१४५,५५४	१५,९५३,९०९
उचित मूल्य कोष	७,४९५,९४५	१०,५६६,५२०
पुनःमूल्याङ्कन कोष	८८०,४९४	३३२,०६०
चालू दायित्व तथा व्यवस्था	१८,२३५,४११	१,८४५,५२९
जम्मा	३७०,२७९,४९५	३११,०६६,७०८

कोषको उपयोग (Applications of Fund)

रु. हजारमा

विवरण	२०८२।८३ असार मसान्त	२०८१।८२ असार मसान्त
खुद स्थिर सम्पत्ति	२,७७५,७२३	२,२५२,७९५
लगानी	३२७,६२३,९९६	२८९,१६६,६६२
नेपाल सरकारको ऋणपत्र	१५,७०९,४३६	७८८,७५०
मुद्दती निक्षेप	१४०,१९२,२४८	१५८,१९५,२८१
समयकालीन कर्जा	२८,१५२,६०१	२६,३८६,४९२
सहायक कम्पनीमा लगानी	२,७२४,६७५	२,७२४,६७५
सहभागी सापटी तथा आवास कर्जा	७२,३६७,९३९	६०,६९७,४३०
ट्रेजरी बिल	३४,८९३,०९४	८,५४६,८२३
सङ्गठित संस्थाको शेयर/धितोपत्र	३३,५८४,००३	३१,८२७,२१०
उचित मूल्य समायोजित सम्पत्ति	७,४९५,९४५	१०,५६६,५२०
बैंक मौज्दात	२९,१६८,६७०	६,१५७,३५९
चालू सम्पत्ति	३,२१५,१६२	२,९२३,३७३
जम्मा :	३७०,२७९,४९५	३११,०६६,७०८

माथि उल्लिखित विवरणका अङ्कहरू लेखापरीक्षकको सुझाव अनुसार परिवर्तन हुनसक्नेछ ।

नागरिक लगानी कोष

केन्द्रीय हिसाब
२०८२ श्रावण १ देखि २०८३ असार मसान्त सम्मको

अपरिष्कृत आय/व्यय हिसाब

रु. हजारमा

विवरण	२०८२।८३ असार मसान्त	२०८१।८२ असार मसान्त
ब्याज आम्दानी	३६४,७६९	३३७,४३०
सेवा शुल्क तथा कमिसन आम्दानी	१,७९२,१५२	१,६५३,५६५
विविध आम्दानी	९३,१५९	१०६,४१४
कुल आम्दानी	२,२५०,०८०	२,०९७,४१०
व्यवस्थापन खर्च	२९०,६५५	२७६,९३३
खर्च व्यवस्था	१५७,९९३	१४७,३३९
कुल खर्च	४४८,६४८	४२४,२७२
कर अगाडिको खुद नाफा	१,८०१,४३२	१,६७३,१३९
आय कर व्यवस्था	४५१,१२२	४१९,५६८
खुद नाफा	१,३५०,३११	१,२५३,५७०

Particulars

Financial Ratios & Other Information:

Overall	**As on Ashad 2083**	**As on Ashad 2082**
Return on Investment (ROI)	4.27%	5.68%
Fund to Investment ratio	95.15%	99.08%
Weighted average cost of fund	4.17%	5.23%
Central Account	-	-
Net Worth (Rs. in '000)	10,376,575	10,645,119
Net Worth (Value per share)	152.47	164.23
Earning Per Share (in Rs.) - Annualized	19.84	19.34

१. **वित्तीय विवरण**

त्रैमासिक अवधिको वासलात, नाफानोक्सान सम्बन्धी विवरण माथि उल्लेख गरिए बमोजिम रहेको छ ।

२. **व्यवस्थापकीय विश्लेषण**

कोषले दीर्घकालीन प्रकृतिको कोष सङ्कलन गर्ने भएको र सहभागीहरूको मासिक सङ्कलन रकमबाट दैनिक भुक्तानी दिने कार्य गर्ने भएको हुँदा तरलता व्यवस्थापनमा सहजता छ । कोषको मुख्य आम्दानीका रूपमा कोषले सञ्चालन गरेका योजनाहरूबाट प्राप्त सेवा शुल्क, ब्याज आम्दानी तथा नगद लाभांश रहेको छ । कोषले बन्दमुखी सामूहिक कोष योजना सञ्चालन गर्ने प्रक्रिया अगाडि बढाएको छ । लगानी विविधीकरणलाई कोषले प्राथमिकतामा राखेको छ ।

३. **कानूनी कारबाही सम्बन्धी विवरण**

(क) नागरिक लगानी कोषले सञ्चालन गरेको उपदान कोष तथा लगानीकर्ता हिसाब योजनाको रकमबाट सम्बन्धित संस्थाका अवकाश प्राप्त कर्मचारीहरूलाई योगदानमा आधारित नभएको अवकाश रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) बमोजिम १५ प्रतिशतका दरले आयकर बापत कट्टा गरी भुक्तानी दिँदै आएकोमा उपदान तथा लगानीकर्ता हिसाब योजना बापत ५ प्रतिशत मात्र कर कट्टि गर्नुपर्ने सम्बन्धमा कोष समेतलाई प्रतिवादी बनाई रिट दायर हुने गरेको र सो सम्बन्धमा सम्मानित सर्वोच्च अदालत एवं उच्च अदालतबाट विभिन्न आदेश आइरहेको अवस्था विद्यमान छ ।

(ख) कोषले उपदान कोषको रकममा ५ प्रतिशत मात्र कर कट्टा गरेको मिलेन भनी ठूला करदाता कार्यालयबाट आ.व. २०७४।०७५ को संशोधित कर निर्धारण गर्दा कोषलाई जरिवाना गरेको र सो उपर कोषले आन्तरिक राजस्व विभाग, लाजिम्पाटमा प्रशासकीय पुनरावलोकन गरेकोमा विभागबाट समेत ठूला करदाता कार्यालयको निर्णयलाई सदर गरेको हुँदा मिति २०८२ असोज ०२ गते राजस्व न्यायाधिकरण काठमाडौँमा पुनरावेदन गरी मिति २०८३ वैशाख ३१ मा भएको राजस्व न्यायाधिकरण काठमाडौँको फैसलाले आन्तरिक राजस्व विभाग, लाजिम्पाटको निर्णय उल्टी हुने ठहर गरेको छ ।

४. **सङ्गठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण**

(क) कोषको शेयर नेपाल स्टक एक्स्चेन्ज लि.को दोस्रो बजारमा खुला शेयर बजार अन्तर्गत कारोबार भइरहेको छ । यस विषयमा कोष व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार सङ्ख्याः

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोबार भएको कुल दिन	कारोबार शेयर सङ्ख्या
१,८६०.००	१,६३०.३०	१,६७०.००	६४	३,३७,९८०

५. **समस्या तथा चुनौती**

कोषले प्रयोगमा ल्याइरहेको सफ्टवेयरलाई सबै कारोबार र अन्य निकायहरूले प्रयोगमा ल्याइरहेको सफ्टवेयरसँग एकीकरण हुने गरी मिल्दो बनाउने, पुरानो हिसाब मिलान कार्य सम्पन्न गर्ने, सहभागीहरूलाई दिइने प्रतिफल दरलाई आकर्षक बनाई राख्ने आन्तरिक चुनौती तथा समस्याहरू कोषसँग रहेका छन् । त्यसैगरी पुँजी बजार तर्फको कारोबारमा प्रतिस्पर्धा, नेपाल वायु सेवा निगमलाई प्रवाह भएको कर्जा नियमित रूपमा असुली नभएको, कोषमा आबद्ध संस्था र सहभागीहरूलाई सामाजिक सुरक्षा कोषमा जानुपर्ने अवस्था सिर्जना गरिनु तथा योगदानमा आधारित पेन्सन कार्यक्रम अन्य संस्थाबाट सञ्चालन गर्ने व्यवस्थाले कोषको कारोबारमा परेको असर जस्ता बाह्य चुनौतीहरू रहेका छन् । यसै गरी बजारमा अधिक तरलता रहेको कारणबाट मुद्दती निक्षेपको ब्याजदरमा आएको अत्यधिक गिरावटले कोषले सञ्चालन गरेका कार्यक्रम/योजनाको वित्तीय अवस्थामा पर्न गएको असर चुनौतीपूर्ण रहेको छ । यी चुनौतीहरू समाधानका लागि कोषले आफ्नो प्रयोगमा रहेको सफ्टवेयरलाई नियमित रूपमा अद्यावधिक गरी सबै कार्यक्रममा लागू गर्ने, कोषका सेवाहरूलाई डिजिटलाइज गर्ने, बैंक रिकन्सिलियसन कार्यलाई चुस्त दुरुस्त बनाउने, सहभागीहरूलाई आकर्षक प्रतिफल दिने गरी सुरक्षित रूपमा लगानी विविधीकरण गर्ने लगाएतका रणनीति कोषले लिएको छ ।

६. **संस्थागत सुशासन**

कोषको शीर्ष निकायको रूपमा रहेको सञ्चालक समिति शेयरधनीहरू प्रति उत्तरदायी हुने तथा संस्थागत सुशासन कायम गर्ने जिम्मेवारीमा रहेको छ । कोषले सञ्चालनगर्ने योजना/कार्यक्रमहरूको सञ्चालन, अनुगमन तथा वित्तीय विवरण प्रमाणीकरण गर्न सञ्चालकको संयोजकत्वमा ट्रस्टी उपसमितिहरू गठन गरिएको छ । सहभागीहरू प्रति ट्रस्टी उत्तरदायी रहने गरेको छ । आर्थिक अनुशासन र आन्तरिक नियन्त्रण प्रणाली कायम गर्न सञ्चालकको संयोजकत्वमा लेखा परीक्षण समिति रहेको छ । सञ्चालकको संयोजकत्वमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी अनुगमन उपसमिति गठन गरिएको छ । यस सम्बन्धमा सम्पादित कार्यहरूको प्रतिवेदन आवधिक रूपमा समिति समक्ष पेश गर्ने गरिएको छ । कोषका कार्यकारी निर्देशकको संयोजकत्वमा लगानी उपसमिति र कर्जा उपसमिति गठन गरिएको छ । लगानी नीतिको सीमाभित्र रही तोकिएको विधि प्रक्रिया र मापदण्डको अधीनमा रही लगानी गर्ने गरिएको छ । सहभागीहरूलाई कर्जा प्रदान गर्दा कर्जा कार्यविधिको अधीनमा रही गर्ने गरिएको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लिखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लिखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।